जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १९७ २०७७ साल फागुन २४ गते सोमबार (8 Mar. 2021 Monday) मूल्य रु. ५/-

२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारवाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुठा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : पश्चिमी मान्यता खण्डित ... ३ पृष्ठमा : चीनको निर्यातमा व्यापक सुधार.. ३ पृष्ठमा : मलेठ घटनाको प्रतिवेदन...

# हत्या, बलात्कार गरि फरार तथा हतियारसहित पक्राउ परेका चार अभियुक्त सार्वजनिक





**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले विभिन्न अभियोगका चार जना अभियुक्तहरुलाई आइतबार पत्रकार सम्मेलनको आयोजना गरि सार्वजनिक गरेको छ ।

प्रहरीले १७ वर्षअघि हत्या घटना, नौं महिना अघि जबरजस्तीकरणी मुद्दाका फरार अभियुक्त तथा कटुवा पेस्तोलसहित पक्राउ परेका दुई जनालाई सार्वजनिक गरेको हो ।

आयोजित पत्रकार सम्मेलनमा प्रहरी उपरिक्षक राजेन्द्र धमलाले बि.स.२०६० साल पुस ८ गते छिमेकी सुक्रुत सदाको छुरा प्रहरी गरि हत्या गरेर फरार रहेका सप्तरीको महदेवा गाउँपालिका ४ लोहजारा निवासी देवनारायण मण्डललाई घरमै लुकी बसेको अवस्थामा शनिबार साँझ पक्राउ गरिएको जानकारी दिएका छन् ।

पक्राउ परेका मण्डल फुपुलाई ललाई फकाई लिई भागेको आक्रोसमा सदाको घरमै पुगेर खुकुरी प्रहार गरि हत्या गरेर फरार भएका थिए । गोप्य सूचनाको आधारमा घरमै लुकिबसेको अवस्थामा मण्डललाई पक्राउ गरिएको डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

**बलात्कार गरि फरार रहेका पक्राउ**

गत जेठ २६ गते गाउँकै एक १५ वर्षिया किशोरीलाई बलात्कार गरि फरार रहेका विष्णुपुर गाउँपालिका ५ का ३५ वर्षिय मो. रहमुललाई प्रहरीले पक्राउ गरि आइतबारै सार्वजनिक गरेको छ ।

घरमै लुकिबसेको अवस्थामा आइतबार जिल्ला प्रहरी कार्यालयबाट खटेको टोलीले रहमुललाई पक्राउ गरेको हो ।

जबरजस्तीकरणीबाट ती पीडित यूवतीमा गर्भसमेत बस्न गएको अनुसन्धानका क्रममा खुलेको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले बताए ।

**पेस्तोलसहित दुई पक्राउ**

आयोजित पत्रकार सम्मेलनमा कटुवा पेस्तोलसहित पक्राउ परेका दुई जनालाई सार्वजनिक गरिएको छ । पक्राउ पर्नेमा विष्णुपुर गाउँपालिका ७ का २० वर्षिय महेश कुमार शर्मा र १९ वर्षिय प्रमोद साह छन् ।

राजविराज ६ स्थित सखडा सडक खण्डमा शनिबार साँझ चेकजाँचका क्रममा स.७प. ९६७० नम्बरको मोटरसाइकलमा सवार उनीहरुका साथबाट प्रहरीले कटुवा पेस्तोल एक थान र सोमा प्रयोग हुने दुई थान गोली बरामद गरेको छ ।

पक्राउ परेका शर्मा ३ वर्ष अघि पनि एक थान कटुवा पेस्तोल र ३ थान गोलीसहित पक्राउ परेका थिए । हातहथियार खरखजाना मुद्दामा एक वर्ष कैद भुक्तान गरि

*बाँकी तीन पृष्ठमा*

# सूचना टाँसेर संसद बैठक स्थगन

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ फागुन ।**

आइतबार बसेको प्रतिनिधिसभाको बैठक प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एउटा पक्षको अवरोध एवं बहिष्कार गरेको छ ।

संसद् बैठक नभएका समयमा सरकारले विभिन्न मितिमा जारी गरेका अध्यादेश सदनमा पेश गर्ने कि नगर्ने तथा अन्य कार्यसूचीमा अघि बढ्ने वा नबढ्ने भन्नेमा विवाद भएपछि प्रतिनिधिसभाको आइतबारको पहिलो बैठक अवरुद्ध भएको हो ।

संसद बैठक अवरुद्ध भएपछि सभामुख अग्निप्रसाद सापकोटाले १० मिनेटका लागि स्थगन गरिएको बैठक सूचना टाँसेर यही फागुन २६ गते दिनको १ बजे बस्ने गरी स्थगन भएको छ ।

यसअघि सर्वोच्च अदालतले नेकपा एमाले र माओवादी केन्द्र ब्यूँताएको छ । निर्वाचन आयोगले ऋषि कट्टेल नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी दर्ता भइसकेको

*बाँकी तीन पृष्ठमा*

# रकम अभावले उपचार गर्न नपाएकी खंगको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

रकम अभावले समयमै उपचार गराउन नपाएकी राजविराज नगरपालिका १० दिघवा निवासी २५ वर्षिया निरसी भनिने गितादेवी खंगको आइतबार बिहान मृत्यु भएको छ ।

गत माघ १३ गते चिसो छल्न घुर ताप्ने क्रममा जलेर गम्भिर घाइते भएकी उनको विगत एक महिना बढी समयदेखी राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको थियो ।




लामो समयदेखी अस्पतालमा छटपटाइरहेकी खंगको उपचारका लागि केही व्यक्ति र संघसंस्थाले आर्थिक सहयोग जुटाइदिएपछि तीन दिनअघि उनलाई अस्पतालका मेसु डा. रन्जित झाको पहलमा किर्तिपुर लगिएको थियो ।

किर्तिपुर स्किन अस्पतालमा उपचारका लागि भर्ना भएकी उनको आइतबार बिहान मृत्यु भएको हो । अस्पतालका चिकित्सकहरुले आगोले पोलेको गम्भिर केस ढिलो गरि ल्याएको भन्दै प्रयास गर्दा गर्दै पनि बचाउन नसकिएको बताएका छन् ।

खर्च अभावका कारण शवलाई गृहजिल्ला ल्याउन समेत समस्या परेपछि हाल काम विशेषले काठमाडौंमै रहेका प्रदेशसभा सदस्य मनिष सुमन, राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, जसपाका यूवा नेता किशोर कुमार यादव केसी र अमरकान्त झाको पहलमा २० हजार रुँपैया खर्च व्यवस्थापन गरि उनको शव राजविराज ल्याउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जानकारी दिएको छ ।

आगोले जलेर गम्भिर बिरामीको उपचार अस्पतालमा सम्भव नभएको भनिएपनि खर्च अभावले गर्दा उनलाई बाहिर लैजान सकिएको थिएन् ।

ऐलानी जग्गामा बसोबास गर्दै आएका मृतकका पति राजाराम पनि मजदुरी गरेर गुजारा चलाउँदै आएका हुन् । पत्निलाई अस्पतालमा भर्ना गरेपछि उनको हेरचार गर्न बस्नु पर्दा मजदुरी गर्न समेत नभ्याएको उनले बताए ।



## सम्पादकीय

# तीनै तहको समन्वयमा विकास आवश्यक

तीनै तहका सरकारसँग समन्वय गरि सम्पूर्ण जनताले विशेष गरि विकासीय कार्यलाई अग्रसरता दिनुपर्ने आवश्यकता रहेको छ । स्थानीय तहका सरकारले आफ्ना अधिकारहरु पूर्ण रुपमा प्रयोग गर्न भने सकिहरेका छैनन् । उनीहरुले आफ्नो मनखुशी विकासीय कार्य गरिरहेका छन् । आफूखुशी आसेपासेलाई विकासीय कार्यमा संलग्न गराइरहेको छन् । जसकारण अन्य जनताहरु उनीहरुबाट रुष्ट देखिन्छन् भने विकासीय कार्यमा बाधा आउने गरेको छ । धेरैजसो स्थानीय तहहरु पुरानै मानसिकताका साथ काम गरिरहेकाले पहिलेको काम गराई र अहिलेको काम गराईको शैलीमा खासै अन्तर आउन सकिरहेको छैन ।

अधिकारहरुको प्रयोग गरेर स्थानीय तहहरुमा जनप्रतिनिधिहरुको काम गर्नुपर्ने हुन्छ । यसरी आफ्ना अधिकारको क्षेत्र र दायित्वको दायरा बुझेर काम गरिए भने गाउँ र नगरको विकासमा कुनै वाधा अवरोध आउँदैन् । जुन कामका लागि जनताले उनीहरुलाई चुनेर पठाएका हुन्, ती कार्य गर्न उनीहरु सकिरहेका छैनन् ।

तसर्थ संविधानद्वारा पाएका तीनवटै अधिकारको प्रयोग गरेर स्थानीय तहहरुले समन्वयात्मक विकासको बाटो रोज्नु आवश्यक छ । यसर्थ विकासको बाटो फराकिलो भएमात्र समग्र विकास हुने कुरामा दुइमत नहोला ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## सन्दर्भ : अन्तर्राष्ट्रिय नारी दिवस

# पश्चिमी मान्यता खण्डित गर्न नारीवादी विचारको प्रादुर्भाव



अजय कुमार झा

अन्तर्राष्ट्रिय नारी दिवसमा सो दिन महिला कर्मचारीलाई मात्र बिदा दिने गरिएको थियो । अब पुरुष कर्मचारीले पनि विदाको सुख प्राप्त गर्ने गरेका छन् । नारी दिवसमा नारीलाई मात्र बिदा तोक्दा दिवसको अर्थ अधुरै रहने ठानेर पुरुष कर्मचारीमाथि बिदाको कृपादृष्टि बर्सिएको ठान्न सकिन्छ । मानौं रथको एउटा पहियामात्र गुँडिदा, वा अर्धनारिश्वरको अर्धाङ्गमात्र रोमाञ्चित हुँदा, अथवा आधा आकाशमात्र झुल्किँदा खल्लो हुन्छ भनेर नारी दिवसीय बिदामा समानताको नीति अवलम्बन गरियो । एक समय यस्तो थियो, जब नारीको हकमा 'सकारात्मक विभेद' को कुरा गरियो र आज त्यो समय हो, जब त्यो कुरा सकारात्मक विभेदबाट माथि उठेर समता र समानताको शिखरमा पुगेको छ ।

नर र नारीलाई प्रकृतिले सँगसँगै पैदा गर्यो, तर त्यही नर र नारीको संयुक्त समाजले भने कहिले नारीलाई माथि उचालेर नरलाई तल पार्ने र कहिले नरलाई माथि उचालेर नारीलाई तल पार्ने कार्य पटक पटक गर्दै आएको छ कहिले नारी प्रधान र कहिले नर प्रधान समाजको रूपमा । संयोगले हामी जन्मेको यो युग नर प्रधान युगको रूपमा रहेको भनिन्छ । नर प्रधान समाजको कुरा गर्दै गर्दा यहाँ नरको प्रधानतालाई संकुचित गर्ने प्रयास पनि गर्दै गरिएको कुरालाई भने भुल्नु हुँदैन, यस अपेक्षाको साथ कि अब आउने दिन समताको दिन हुनेछ, जहाँ नर वा नारीमध्ये कुनै एकमात्र माथि वा तल हुँदैनन्, बल्कि दुबै बराबरी स्तर र महत्त्वका साथ एकअर्काका सहयात्री हुने छन् ।

नर वा नारीको प्रधानता वा असमानताको कुरा एउटा हेर्ने दृष्टिकोण मात्र पनि हो र यथार्थ पनि । यो संसार कहिले पनि पूर्ण रूपमा एकलौटी (नर प्रधान वा नारी प्रधान) रहन सक्दैन । प्रत्येक पक्ष र आयामको मिश्रण नै यो संसार हो । कतै नर प्रधान वा कतै नारी प्रधान वा कतै समता प्रधान । कुनै परिवारमा नरको वर्चश्व रहेको हुन्छ भने कुनैमा नारीको वर्चश्व तर कुनै परिवार यस्तो पनि हुन्छ, जहाँ नर वा नारीको वर्चश्व भन्ने कुरा नै हुँदैन । कित व्यक्तित्वको प्रभाव हुन्छ कित स्नेहको । स्नेहको सागरमा अधिकार र शक्तिको अहंकारले अस्तित्व ग्रहण गर्न सक्दैन । परिवारजस्तै समुदाय र धर्ममा पनि यही कुरा लागू हुन्छ । तर यस तथ्यका बावजूद संसारका हरेक ठाउँमा नारी-विभेदको कुरा उचालेर नारीवादको प्रतिपादन गरियो ।

जम्बुद्वीप महान परम्पराको द्वीप हो । नारीप्रति सदा आदरको भाव रहेको छ । मनु स्मृति भन्छ कि जहाँ नारीको पूजा हुन्छ, त्यहाँ देवताको वास हुन्छ । प्रत्येकले आफ्नो परिवारमा देवताको वास चाहन्छ, त्यस उसले पनि हरेक परिवारले नारी सदस्यलाई उत्तिकै महत्व दिन्छ जत्ति कि पुरुष सदस्यलाई दिइएको हुन्छ । मध्यदेशीय संस्कृतिमा जो शुभ छ, जो सुन्दर छ, जो शक्तिशाली छ, जो जीवनदायनी छ, त्यसलाई नारीको नाम र रूप दिइएको छ । विद्याकी देवी सरस्वती, धन-धान्य र समृद्धिकी देवी लक्ष्मी तथा शक्तिकी देवी महाकाली मानेर सारा भारत वर्षले पुजेको छ । स्वयं शिव जो सम्पूर्ण ब्रह्म हुन्, उनले पनि शक्तिको अनुपस्थितिमा शिव पनि 'शव' (लास) मात्र हो भनेका छन् । शक्ति भनेकै नारी । नारी शक्तिका सहस्रनाम छन् । त्रिदेवी, नवदुर्गा, दस महाविद्या, अष्टलक्ष्मी, चौंसठ योगिनी, शोडष मातृका, सप्त मातृका आदि । नारी शक्ति वर्णनातीत छ ।

हिन्दू धर्ममा यशश्वी नारीको महान परम्परा रहेको छ । यहाँ जीवनको हरेक क्षेत्रमा वैदिक कालदेखि नै नारी पुरुषका समान अग्रणी रहेका छन् । उपनिषद् भन्दछ कि एउटै मूल तत्त्व द्विदल अन्नको दुबै दल झैं नारी र पुरुषको स्वरूपमा विभक्त भएका छन् । त्यसै सिद्धान्त उभेर दुबैलाई परस्पर अर्धांग मानिएको छ । महादेवको अर्धनारीश्वर स्वरूप पुजित हुनुको तात्पर्य नर-नारी समान महत्वका हुन् भन्ने हो । जीवनको प्रत्येक क्षेत्रमा विदुषी, दक्ष, प्रसिद्ध तथा सफल नारीहरूको अनन्त शृंखला छ ।

हुनत कतिपय सामाजिक-आर्थिक कारणले हरेक क्षेत्रमा पुरुष अघि र महिला पछि परेका अवस्थाहरू विद्यमान छन् । तर कतिपय क्षेत्रमा नारी पनि पुरुषभन्दा अघि रहेको अवस्था पनि छ । संस्कृति, जाति, समुदाय वा परिवार जुनसुकै पृष्ठभूमिमा हेरियोस्, पुरुष र नारीप्रतिको दृष्टिकोणमा भने अन्तर छैन । नारीलाई घरको चौहद्दीमा सीमित गरिएको, उसको लागि शिक्षाको द्वार बन्द गरिएको जस्ता तर्क गरिन्छन् तर ती परिस्थितिजन्य कुरा हुन्, विभेदका विषय होइनन् । त्यसैले नारीलाई अघि बढ्ने सवाल जतिखेर पनि उठेको होस् पुरुषले त्यसको विरोध कहिल्यै गरेनन्, बल्कि होस्टेमा हैस्से गर्ने काम नै गरेका छन् । बेहुलीलाई सुसज्जित डोलीमा पुरुषहरूले काँधमा बोकेर भित्र्याउने चलन थियो । समय काल क्रममा डोलीको स्थान गाडीले लियो तर भावमा कुनै अन्तर आएको छैन । हिन्दू धर्ममा आरम्भदेखि नै पुरुषसमान नारीलाई पनि मोक्षको मार्ग प्रशस्त गरिएको छ, जुन अन्य कुनै पनि धर्ममा देखिएको छैन । भ्रूण हत्याको कुरा पनि उठाइन्छ तर मेरो भनाई के छ भने त्यो व्यक्ति विशेषको कुरा हो, सामाजिक, सामुदायिक, सांस्कृतिक, धार्मिक दृष्टिकोण होइन ।

इस्लाम धर्ममा पनि नारीलाई उच्च स्थान प्रदान गरिएको छ । नारीलाई जीवनको हरेक क्षेत्रमा महत्व दिइएको छ । कुरआनमा स्पष्ट भनिएको छ कि आमाप्रति कृतज्ञ हुनुको मतलब अल्लाहप्रति कृतज्ञ हुनु हो । कुरआनमा भनिएको छ- "हामीले मानिसलाई उसको आमा-बाबुको मामिलामा सतर्क गराएका छौं- तिम्रो आमाले थकित भएर पनि तिमीलाई आफ्नो गर्भमा राख्यो । दुई वर्ष त तिमीलाई उसको दूध छोड्नमा नै लाग्यो । तिमी मप्रति कृतज्ञ होऊ र आफ्नो आमा-बाबुप्रति पनि । किनभने अन्ततः तिमीलाई मतिर नै आउनु छ ।" कुरआनले यो पनि भनेको छ कि आमा-बाबुसित राम्रो व्यवहार गर । उनीहरू वृद्ध हुँदा उनीहरूको उपेक्षा नगर, बल्कि उनीहरूका साथ शिष्टतापूर्वक व्यवहार गर भन्दै यसरी प्रार्थना गर्न भनिएको छ, "मेरो खुदा ! जसरी उनीहरूले बालकालमा मेरो पालनपोषण गरे, तिमी पनि उनीहरूमाथि त्यसैगरी दया गर ।" हदीसमा लेखिएको छ कि मातापिताको अवज्ञाको मतलब अल्लाहको अवज्ञा गर्नु हो । हुनत इस्लाम समाज धर्मले जे जसो भने पनि सामाजिक, आर्थिक, राजनीतिक व्यवहारमा नारीप्रति केही अनुदार देखिन्छ, जस्तै नारीलाई घरको चौहद्दीमा सीमित राख्नु, नारीलाई व्यक्तित्वहीन र पराधीन मान्नु, बच्चा पैदा गर्ने यन्त्र र भोग्या ठान्नु यस्ता सामग्रीको रूपमा हेरिन थालियो ।

क्रिश्चिएनिटीको जुन मान्यताहरूको विरोधमा यूरोपीय नारी मुक्ति आन्दोलन वीरतापूर्वक खडा भयो, ती मान्यताहरू हिन्दू धर्म, बौद्ध धर्म तथा विश्वका सबै धर्ममा कुनै पनि समयमा थिएन । यहाँसम्म कि यहूदी र इस्लाममा पनि यस्तो मान्यता थिएन । यद्यपि नारीमाथि अनेक प्रतिबन्ध इस्लाममा छन् तर यस्तो भयङ्कर मान्यता त्यहाँ कहिले पनि भएन ।

क्रिश्चिएनिटीको मान्यता के छ भने पुरुष नै ईश्वरको प्रतिरूप हो । पुरुष नै समस्त सृष्टिको मालिक हो । पुरुषले नारीलाई दबाएर र आज्ञाकारिणी बनाएर राखोस् तथा उसबाट खूबै आनन्द प्राप्त गरोस् । ईश्वरले संसारमा पहिलो पुरुष 'एडम' को एन्कल ( खुट्टाको जोर्नी, गोलीगाँठो) बाट पहिलो स्त्री 'ईव' बनायो, जो पुरुषको मनोरञ्जनका लागि बनाइयो । यस प्रकार स्त्री (ईव) पुरुषपछिको रचना हो । स्त्री पुरुषको केवल एक अंश हो, जो पुरुषको मनास्-बहलाउनको लागि बनेको हो ।

नर-नारीको परस्पर स्वैच्छिक र उल्लासपूर्ण मिलनलाई क्रिश्चिएनिटीले 'मूल पाप' को संज्ञा दिएको छ । यस्तो पापको लागि पुरुषलाई शैतानको कथनमा स्त्रीले फकाएको मानिन्छ । त्यसैले स्त्री शैतानको छोरी हो भनिन्छ । नारीले पुरुषलाई सम्मोहित गरेर 'मूल पाप' अर्थात कामभाव अर्थात 'शैतानियत'को जालमा फसाउँछ भनी मानिन्छ । अर्थात स्त्री सम्मोहक (सेडयूसर) हो । 'मूल पाप' गर्ने कार्यमा पुरुषलाई तत्पर गर्न स्त्रीले अनुचित आचरण गर्दछ, त्यस कारण ऊ 'एडल्टरेस' हो, 'एडल्टरी' को दोषी हो । पुरुषलाई सम्मोहित गर्ने अर्थमा ऊ जादूगरनी हो । पुरुषलाई सम्मोहित गर्नु खराब काम हो, त्यसैले ऊ खराब जादूगरनी हो । अतः डायन (बोक्सी) हो । स्त्रीलाई यातना दिनु पुण्य कार्य हो ।

शैतान ईश्वरको प्रतिस्पर्धी हो । ईश्वर र शैतानबीच निरन्तर युध्द चलिरहेको हुन्छ । जीससका पादरी (समूह) लगातार शैतानको साम्राज्यविरुद्ध संघर्षरत रहन्छ, ताकि अन्ततः ईश्वरको जीत होस् । शैतान ईश्वरको शत्रु हो । शैतानविरुध्द युध्द गर्नु र युध्दमा सबै प्रकारको उपाय अपनाउनु हरेक आस्थावान क्रिश्चिएनको कर्तव्य (रेलिजियस डयूटी) हो । नारीलाई, गैरइसाई सबै पुरुषलाई तथा यस धरतीलाई आफ्नो अधीन दबाएर राख्नु, आज्ञाकारी र वशवर्ती बनाएर राख्नु हरेक आस्थावान इसाई पुरुषको कर्तव्य हो र यो कर्तव्य उसले बुध्दि र बलले हर सम्भव तथा अधिकतम उपयोग गरेर गर्नुपर्छ ।

यस्ता मूलभूत मान्यताहरूको कारणले गर्दा क्रिश्चिएनिटीमा 'क्रिश्चियन स्त्री'लाई अनेकौं शताब्दिसम्म पुरुषको शत्रु र शैतानकी छोरी तथा शैतानको उपकरण मानियो । नर-नारी मिलनलाई 'मूल पाप' भनिएकै कारणले विवाह पनि त्यहाँ 'पाप' नै मानियो । यद्यपि चर्चको नियन्त्रणमा वैवाहिक जीवन व्यतीत गर्दा भने अपेक्षाकृत 'न्यूनतम पाप' मानियो । ता पनि विवाहित स्त्रीलाई मूलतः 'अपवित्र' नै मानियो । पवित्र स्त्री केवल 'नन' लाई मानियो, जो पादरीहरूको आज्ञाकारिताको शपथ लिएर चर्चमा बस्दथे ।

'नन'हरूले हठयोगिनी झैं कठोर शारीरिक तप गर्नु पर्थ्यो । पादरी 'सेलिबेट' अर्थात अविवाहित हुन्छन्, 'सेलिबेट' पादरी 'नन्स'का साथ उसको सम्मोहनको कारणले प्रायः काम सम्बन्ध बनाई रहन्थे तर त्यसको लागि दोषी भने 'सेडयूसर' 'नन'लाई नै मानिन्थ्यो ।

क्रिश्चिएनिटीको उपर्युक्त पाँचवटै मूल मान्यतासँगै जोडिएको एक महत्वपूर्ण छैठौं मान्यता यो थियो कि स्त्रीले यद्यपि पुरुषलाई फकाएर 'मूल पाप' गर्न लगाउँछ, अतः ईश्वरले 'ईव' लाई शापित गर्यो । यसै शापमा मासिक धर्म, प्रसव पीड़ा, गर्भ धारण तथा पुरुषको अधीनतामा वास जस्ता दण्ड समावेश छ । त्यहाँ कुल सातवटा शापद्वारा स्त्री शापित छ । कुनै पनि भूलका लागि उसलाई एक स्वस्थ पुरुषको अंगूष्ठाको मोटाई जत्तिको कोर्राले दसदेखि पचास कोर्रा हान्नु क्रिश्चियन पुरुषको सहज अधिकार र कर्तव्य हुन्थ्यो । अपराध गम्भीर भएमा सय वा त्यसभन्दा बढी कोर्राको मार पर्थ्यो ।

क्रिश्चिएनिटीमा मातृत्व पनि एक अभिशाप नै थियो । स्त्रीले

*बाँकी तीन पृष्ठमा*

## हत्या, बलात्कार ...



हालै रिहा भएका उनी फेरी त्यस्तै प्रकृतीका मुद्दामा पक्राउ परेका हुन् ।

पक्राउ परेका मध्ये फरार अभियुक्त दुई जनालाई आइतबारै अदालतमा उपस्थित गराई कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको छ भने कटुवा बन्दुकसहित पक्राउ परेका दुई जनालाई अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सूचना टाँसेर ...

अवस्थामा तत्कालिन नेकपा एमाले र तत्कालिन नेकपा माओवादी केन्द्र एकीकरण भइ बनेको दललाई नेपाल कम्युनिस्ट पार्टी (नेकपा) नाममा नै दर्ता गरेको थियो ।

दुई दल एकीकरण भएपछि बनेको नयाँ दलको नाम नेपाल कम्युनिस्ट पार्टी (नेकपा) दर्ता गर्ने निर्वाचन आयोगको निर्णयविरुद्ध कट्टेलले दिएको रिटमा न्यायाधीश बमकुमार श्रेष्ठ र कुमार रेग्मीको इजलासले ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको पक्षमा फैसला गरेको हो ।

नेपाल कम्युनिस्ट पार्टी (ने क पा) दर्ता गर्ने आयोगको २३ जेठ २०७५ को निर्णय र त्यसलाई सदर गर्ने ९ कात्तिक २०७५ को निर्णय बदर गर्दै सर्वोच्चले साबिकमा निर्वाचन आयोगमा राजनीतिक दलका रुपमा दर्ता रहेका नेपाल कम्युनिस्ट पार्टी नेकपा एमाले र नेकपा माओवादी केन्द्र अलग अलग राजनीतिक दलका रुपमा साविककै अवस्थामा कायम रहने बताएको छ ।

तत्कालिन नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपाले भने आफूहरुको दलको नाम नेपाल कम्युनिस्ट पार्टी र कोष्ठभित्र (नेकपा) रहेकाले अलग रहेको दावी गरेका थिए ।

तर सर्वोच्चले नाममा प्रयोग भएको अक्षरको उच्चारण र त्यसबाट बुझिने अर्थमा कुनै भिन्नता नदेखिई मिल्दोजुल्दो देखिने भन्दै यसले अलग दल भन्ने नजनाउने उल्लेख गरेको छ । त्यस्तै सर्वोच्चले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को अन्तरिम विधानको बाहिरी मुखपृष्ठ र भित्र पार्टीको नाम लेखिएको ठाउँमा पनि नेपाल कम्युनिस्ट पार्टी ( नेकपा) उल्लेख गरेको भन्दै ऋषि कट्टेलको पार्टीसँग नाम मिलेको बताएको छ ।

## पश्चिमी मान्यता ...

गर्भधारण गर्नु ईश्वरद्वारा उसलाई दण्डित गरिएको परिणाम मानिन्थ्यो । सन्तान पनि 'मूल पाप' को परिणाम भएकाले वस्तुतः धरतीमाथि पापकै प्रसार भएको मानिन्थ्यो । केवल चर्चलाई समर्पित गरेमा व्यक्ति त्यस 'पाप'को भारबाट यस कारणले मुक्त हुन सक्ने मानिन्थ्यो कि त्यसो गरेर ऊ उस जीससको शरणमा जान्छ, जसले सूलीमाथि चढेर एडम र ईव तथा उसको समस्त सन्तानहरूद्वारा गरिने मूल पापको प्रायश्चित पहिले नै सबैको तर्फबाट गरेका छन् ।

क्रिश्चिएनिटीका यी सातवटै धारणा एकल छन् । संसारको कुनै पनि अन्य सभ्यता वा धर्मले यीमध्ये एउटै पनि धारणा स्वीकार गर्दैनन् । यी केवल क्रिश्चिएनिटीमा मान्य आस्था हुन् । यस्ता मान्यताका कारण पाँच सय वर्षसम्म सदाचारिणी क्रिश्चियन नारीमाथि थिचोमिचो गरियो, मारियो, जलाइयो, बलपूर्वक डुबाइयो, तेलको कडाहीमा उमालियो, घोडाको पुच्छरमा बाँधेर घिसारियो । 'क्रिश्चियन स्त्री' माथिको त्यस्तो अत्याचार कुनै अशिक्षित वा असामाजिक तत्वले गरेका थिएनन्, अपितु सर्वाधिक शिक्षित, संगठित र प्रभुताशाली क्रिश्चियन भद्रजन भनाउँदाले गर्ने गरेका थिए ।

क्रिश्चिएन महिलामा पनि आत्मा हुन्छ, यो १७औं शताब्दीको आरम्भसम्म चर्चद्वारा मान्य थिएन । नारीको स्वतन्त्र व्यक्तित्व त २०औं शताब्दीमा मान्य भयो । सन् १९२९ मा इंग्लैंडको अदालतले मान्यो कि नारी पनि 'परसन' हो । नारीमा पनि आत्मा हुन्छ, यो कुरा यूरोपका विभिन्न देशहरूमा २०औं शताब्दीमा आएर मान्य भयो । २०औं शताब्दीमा नारीलाई वयस्क मताधिकार त्यहाँ पहिलो पटक प्राप्त भएको हो । १८औं शताब्दीसम्म नारीलाई बाइबल पढ़ने अधिकारसम्म मान्य थिएन । नारीलाई डायन भनेर उनीहरूलाई लाखौंको संख्यामा १४औं देखि १८औं शताब्दीसम्म जिउँदै जलाइयो र यातना दिएर मारियो । स्पेन, इटली, पुर्तगाल, हालैंड, इंग्लैंड, फ्रांस, जर्मनी, स्विट्जरलैंड आदि सबै देशमा यस्तो कुकृत्य चलिरह्यो ।

अन्तर्राष्ट्रिय नारी दिवसको सन्दर्भमा यो आलेख कोर्दै गर्दा यी कुराहरूको उत्खनन किन गरिनु सान्दर्भिक लाग्यो भने यी नै सबै भयंकर मान्यताहरूको विरोधमा यूरोपमा नारी मुक्ति आन्दोलन चल्यो र आज त्यसैको परिणामस्वरूप विश्वले एक सय बाहौं अन्तर्राष्ट्रिय नारी दिवस मनाउँदैछ । शताब्दिऔं पुरानो नारी विरोधी मान्यताका खिलाफ चलेको त्यो नारी आन्दोलनले नै उनीहरूलाई पुरुष समतुल्य मान्यो । आन्दोलनले आफूभित्र पुरुष झैं आत्मा र बुध्दिमानी रहेको र 'नन' बन्नु भन्दा पत्नी, प्रेमिका र आमा बन्नु तथा स्वाधीन नारी बन्नुलाई बढी महत्व दियो । नारी आन्दोलनकै परिणाम हो कि मातृत्व स्वाधीन व्यक्तित्वमा बाधा प्रतीत भएकै कारणले स्त्रीत्वले बढी महत्व पायो । बाइबल पढन नपाउने समाजमा जागरुक नारी बौध्दिक र विदुषी बनेर प्रकट भए, विद्याको हरेक क्षेत्रमा अग्रणी बने । क्रिश्चियन स्त्रीलाई पुरुषलाई फकाउने भनिन्थ्यो, त्यसैले नारी मुक्तिको एक महत्वपूर्ण अंग शृंगारहीनता या सज्जाहीनता कायम भयो । कामलाई 'मूल पाप' मानिने प्रतिक्रियामा काम सम्बन्धलाई स्वतन्त्र व्यक्तित्वको लक्षण मान्न थालियो । समलिंगी सम्बन्ध राष्ट्रिय निर्वाचको मुद्दा बन्नुको पछाडि पनि यी नै कारण हुन् । समग्रमा भन्दा आन्दोलनकै परिणाम हो कि त्यसले नारीवादकै स्थापना गरी नारी अधिकारको व्याख्या गर्यो ।

नारीवाद, सामाजिक-राजनैतिक आन्दोलनको एक किसिम हो, जो राजनीतिक, आर्थिक, व्यक्तिगत, सामाजिक र लैंगिक समानतालाई परिभाषित गर्ने, स्थापित गर्ने र प्राप्त गर्ने लक्ष्यलाई साझा गर्दछ । यसमा नारीको लागि पुरुष समान शैक्षिक र पेसागत अवसर स्थापित गर्नु पनि समावेश छ ।

नारीवादी सिद्धान्तको उद्देश्य लैंगिक असमानताको प्रकृति एवं कारण तथा त्यसको फलस्वरूप उत्पन्न हुने लैंगिक विभेदको राजनीति र शक्ति सन्तुलनको सिद्धान्तमाथि यसको असरको व्याख्या गर्नु हो । नारी विचारसम्बन्धी राजनैतिक प्रचारको जोड प्रजनन सम्बन्धी अधिकार, घरेलू हिंसा, मातृत्व अवकास, समान ज्याला सम्बन्धी अधिकार, यौन उत्पीड़न, विभेद एवं यौन हिंसामाथि रहँदै आएको छ । नारी विचार सम्बन्धी आदर्शको मूल कथ्य यही रहन्छ कि कानूनी अधिकारको आधार लिंग नबनोस् भन्ने हो । आधुनिक नारीवादी विचारको मुख्य आलोचना सदैव यही रहेको छ कि यसको सिद्धान्त एवं दर्शन मुख्य रूपले पश्चिमी मान्यतामाथि आधारित छ । हुनत नारीवादी विचार हरेक देश एवं भौगोलिक सीमामा आफ्नै स्तरमा सक्रिय रहन्छ । हरेक क्षेत्रका नारीवादी विचारको आफ्नो खास समस्या हुन्छन् ।

नारीवादलाई अर्थपूर्ण बनाउन अन्तर्राष्ट्रिय नारी दिवस मनाइने प्रचलन प्रारम्भ भयो । संयुक्त राज्य अमेरिकाको सोशलिस्ट पार्टीले सन् १९०९ फरबरी २८ मा सर्वप्रथम नारी दिवसको आयोजना गर्यो । सन् १९१० मा सोशलिस्ट इन्टरनेशनलको कोपेनहेगन सम्मेलनले यसलाई अन्तर्राष्ट्रिय दर्जा प्रदान गर्यो । त्यस समय यसको प्रमुख ध्येय महिलाहरूलाई मताअधिकार दिनु थियो, त्यस समय महिलाहरूलाई मत दिने अधिकार कतिपय देशहरूमा थिएन । सन् १९१७ मा रसियाका महिलाहरूले, महिला दिवसमा गास र कपासको लागि हडतालमा जाने निर्णय गरे । यो हडताल पनि ऐतिहासिक थियो । जारले सत्ता छोडे, अन्तरिम सरकारले महिलाहरूलाई वोट दिने अधिकार दियो । त्यस समय रुसमा जुलियन क्यालेन्डरको प्रचलन थियो र बाँकी धेरै जसो देशमा ग्रेगेरियन क्यालेन्डरको प्रचलन थियो । यी दुई क्यालेण्डरमा केही फरक छ । जुलियन क्यालेन्डर अनुसार सन् १९१७ को फरबरीको अन्तिम आइतबार २३ फरबरीमा पर्थ्यो जब कि ग्रेगेरियन क्यालेन्डर अनुसार त्यस दिन ८ मार्च थियो । त्यस समय धेरै जसो देशमा ग्रेगेरियन क्यालेन्डर प्रचलित थियो । त्यसैले ८ मार्च महिला दिवसको रूपमा मनाइन थालियो । वर्तमान समयमा महिला अधिकार, महिला सशक्तिकरण र समानता महिला दिवसका विषयवस्तुहरू बनेका छन् । परिर्वतनको संघारमा रहेका समस्त नेपाली महिलालाई अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा शुभकामना । (लेखक निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन सप्तरीका अध्यक्ष हुनुहुन्छ ।)


### कोभिड-१९ रोग विरुद्धको खोप अभियान- २०७७/७८



**"स्वास्थ्य, समृद्धि र सुरक्षा, कोभिड-१९ खोपले गर्छ रक्षा"**

यही मिति २०७७।११।२३ गते देखि २९ गते सम्म कोभिड १९ रोग विरुद्ध खोप अभियानमा ६५ बर्ष माथिका सम्पूर्ण जेष्ठ नागरिकहरुले आ-आफनो वाड अन्तरगतको स्वास्थ्य संस्थाको खोप केन्द्रमा गइ तपशिल अनुसारको मिति र स्थानमा खोप लगाउन हुन सबैमा हार्दिक अपिल गर्दछु ।

**तपसिल-**

**पहिलो चरण २०७७।११।२३ र २४ गते**

शम्भुनाथ, खडक, सुरुगां, बोदेवर्साइन, डाक्नेश्वरी न.पा. र छिन्नमस्ता, राजगढ, विष्णुपुर, बलानविहुल गा.पा. ।

**दोश्रो चरण २०७७।११।२८ र २९ गते**

राजविराज, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तकोशि, कंचनरुप न.पा. र रुपनी, अग्नीसाइर कृ., तिरहुत, महादेवा, तिलाठी कोइलडी गा.पा ।

**आयोजक**

**सामाजिक विकास मन्त्रालय**

**स्वास्थ्य कार्यालय सप्तरी**

**खोप नि:शुल्क पाइन्छ** **खोप सुरक्षित हुन्छ** **खोपले जिवन रक्षा गर्छ**


# विश्व समाचार

## चीनको निर्यातमा व्यापक सुधार, एक दशकमै सबैभन्दा बढी

बेइजिङ, २३ फागुन (रासस/एएफपी) ।

कोरोनाभाइरस महामारीकैबीचमा पनि चीनको निर्यात विगत दुई दशकमै सबैभन्दा बढीले वृद्धि भएको चिनियाँ सरकारी निकायले जनाएको छ । साथै, चीनले गर्ने वस्तु तथा सेवाको आयातमा पनि वृद्धि भएको छ ।

इलेक्ट्रोनिक्स र मास्कजस्ता तयारी पोशाकको निर्यातमा व्यापक वृद्धि भएको छ । गत वर्षको तुलनामा जनवरी-फेब्रुअरीको अवधिमा निर्यातमा ६०.६ प्रतिशतले वृद्धि भएको छ भने आयात २२.२ प्रतिशतले बढेको छ ।

प्राप्त विवरणअनुसार, गत वर्ष निर्यातमा १७ प्रतिशत र आयातमा चार प्रतिशत न्यून भएको थियो । चिनियाँ भन्सार प्रशासनका अनुसार इलेक्ट्रोनिक्स सामानको निर्यात ५४.१ प्रतिशत तथा टेक्स्टाइलको निर्यात ५०.२ प्रतिशतले बढेको छ ।

चीनको समग्र ब्यापार बचत एक खर्ब तीन अर्ब ३० करोड डलर रहेको भन्सार प्रशासनको भनाइ छ । अमेरिकासँगको ब्यापार बचत पनि गत वर्षको तुलनामा दोब्बर अर्थात् ५१ अर्ब ३० करोड डलर पुगेको छ ।

## ब्राजिलमा कोरोनाका कारण एकै दिनमा १५ सयको मृत्यु

साओ पाउलो, २३ फागुन (रासस/सिन्ह्वा) ।

ब्राजिलमा कोरोनाभाइरसका कारण एकै दिनमा थप १५ सयभन्दा बढीको मृत्यु भएको छ ।

स्वास्थ्य मन्त्रालयका अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा एक हजार ५५५ जनाको मृत्यु भएको हो ।

योसँगै ब्राजिलमा कोरोनाका कारण अहिलेसम्म मृत्यु भएकाको सङ्ख्या दुई लाख ६४ हजार ३२५ पुगेको मन्त्रालयले जनाएको छ ।

ब्राजिलमा एकै दिनमा ६९ हजार ६०९ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको पुष्टि गरिएको छ । योसँगै कुल सङ्क्रमितको सङ्ख्या एक करोड नौ लाख ३८ हजार पुगेको छ ।

दक्षिण अमेरिकी मुलुकमध्ये ब्राजिलमा मात्रै एकै दिनमा सबैभन्दा धेरैको मृत्यु भएको हो । यसअघि गत बुधबार एकै दिन एक हजार ९१० जनाको मृत्यु भएको थियो ।

## उत्तरी अफगानिस्तानमा आठ प्रहरीको मृत्यु

मजार ए सरिफ, २३ फागुन (रासस/सिन्ह्वा) ।

उत्तरी अफगानिस्तानको बाख्ख प्रान्तमा शनिबार राति भएको भीडन्तमा आठ प्रहरी र पाँच तालिबान लडाकूको मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ ।

प्रान्तीय प्रहरीका अदिल शाह अदिलले हातहतियारबाट सुसज्जित तालिबान लडाकूले सुरक्षा जाँच चौकीमा बन्दुक र क्षेप्यास्त्रसहित आक्रमण गरेपछि भीडन्त भएको जानकारी दिनुभयो ।

उक्त भीडन्तमा अरु छ जना प्रहरी र सात जना लडाकू पनि घाइते भएको उहाँले बताउनुभयो । हालैका वर्षमा यस प्रान्तमा सुरक्षाफौज र तालिबान लडाकूबीच निरन्तरजसो भीडन्त हुने गरेका छन् ।

तालिबान समूहले बाल्खको भीडन्तमा १२ जना प्रहरी मारिएको दाबी गरेका छन् । तालिबान समूहका प्रवक्ता जबिहुल्लाह मुजाहिदले ट्वीट गर्दै सुरक्षा जाँच चौकीबाट लडाकूले एउटा बख्तरबन्द सैन्य सवारी साधन र हातहतियार कब्जा गरेको बताउनु भएको छ ।

## भारतको बजेट अधिवेशन सोमबारदेखि सुरु हुने

नयाँ दिल्ली, २३ फागुन (रासस/पिटिआई) ।

भारतमा सोमबारदेखि दोस्रो चरणको बजेट अधिवेशन सुरु हुने भएको छ । अधिवेशनमा आर्थिक विधेयकसँगै करसम्बन्धी प्रस्ताव पनि पेस गरिने अधिकारीले जानकारी दिएका छन् ।

सरकारले त्यस बाहेक अन्य केही महत्वपूर्ण र नियमित प्रस्ताव पनि संसद् बैठकमा पेस गर्ने तयारी गरेको छ । बजेट भने गत फेब्रुअरी १ तारिखमा संसदमा टेबुल भएको थियो ।

पश्चिम बङ्गाल, तमिल नाडु, आसाम, केरला र पोन्डीचरीमा विधानसभाको निर्वाचन हुन लागेकाले यो संसद् अधिवेशनलाई दलले निर्वाचन लक्षित हुनेगरी उपयोग गर्ने तयारी गरेका छन् । ती प्रदेशमा यही मार्चदेखि अप्रिलसम्म निर्वाचन हुने तय भएको छ ।

सोमबार सुरु हुने दोस्रो चरणको बजेट अधिवेशन आगामी अप्रिल ८ मा सक्ने योजना रहेको छ । पहिलो चरणको बैठक गत जनवरी २९ देखि सुरु भएको थियो । पहिलो दिन केन्द्रीय दुवै सदनलाई राष्ट्रपतिले सम्बोधन गर्नुभएको थियो ।

भारतमा केन्द्रीय संसद्ले बनाएको कृषिसम्बन्धी तीन ओटा कानुनलाई लिएर किसानले लामो समयदेखि देशव्यापी आन्दोलन गर्दै आएका छन् । यही विधेयकका कारण पहिलो चरणको बजेट अधिवेशन प्रभावित भएको थियो । संसद्मा प्रतिनिधित्व गर्ने भारतीय राष्ट्रिय कंग्रेससमेत २० भन्दाबढी दलले सरकारले ल्याएको कृषि विधेयकको विरोधसँगै संसद् बैठक बहिस्कार गरेका थिए ।

# मलेठ घटनाको प्रतिवेदन सार्वजनिक हुन्छ : मन्त्री साह



**दैनिक समाचारदाता राजविराज, २३ फागुन ।**

मलेठ घटनाको चौथो पुण्यतिथिको अवसरमा आईतवार श्रद्वाञ्जली सभाको आयोजना गरिएको छ ।

आयोजित सभामा प्रदेश २ का भुमि, ब्यबस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले सहिदको सपना साकार पार्न प्रदेश सरकार प्रतिबद्ध रहेको दोहोऱ्याए ।

सभामा मन्त्री साहले मलेठ घटनाले मधेस केन्द्रित विभिन्न ६ पार्टीलाई एकताबद्ध गरेको स्मरण गर्दै मलेठ घटना कै उपलब्धीको रूपमा प्रदेश सरकार बनेको बताए ।

उनले मलेठ घटनका दोषीलाई कडा भन्दा कडा कारवाही गर्ने प्रतिबद्धता जनाउँदै प्रदेश सरकारले मलेठ घटनाको उच्च स्तरिय छानबिन प्रतिवेदन चाडै सार्वजनिक गर्ने जानकारी पनि दिए ।

सोही कार्यक्रममा जसपा केन्द्रीय सदस्य दिनेश यादबले सहिदको सपना पूरा सँगै मधेशको अधिकार प्राप्तका लागि अधिकारको आन्दोलन आबश्यक रहेको बताए । उनले सहिदको सपना साकार गर्न निर्वाचित जनप्रतिनिधिहरूले भुमिका खेल्नुपर्नेमा जोड समेत दिए ।

सो अवसरमा राजबिराज वडा ९ मलेठका अध्यक्ष शम्भु यादब लालीले मलेठ घटनाको सत्य तथ्य छानबिन गर्नुपर्नेमा जोड दिए ।

महिला नेतृ किरण साहले राज्यद्वारा नश्लिय विभेद अझै कायम रहेको भन्दै मधेशको अधिकार पूरा नभएकोले सहिदको सपना पूरा गर्न अधिकारको आन्दोलन अपरिहार्य रहेको बताईन ।

तत्कालीन नेकपा एमालेले मेची महाकाली अभियानका क्रममा गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा कार्यक्रम राखेपछि तत्कालीन मधेसी मोर्चाले सोको विरोध गरेपछि प्रहरीले गोली चलाउँदा पाँच जनाको मृत्यु भएको थियो ।

प्रहरीको गोली लागेर मलेठका पिताम्बर मण्डल, सञ्जन मेहता, वीरेन्द्र महतो, प्रसवनीका आनन्द साह र जमुनी मधेपुराका इनर यादवको मृत्यु भएको थियो ।

आयोजित श्रद्वाञ्जली सभामा जसपाका केन्द्रिय सदस्य दिपेन्द्र चौधरी, दिनेश यादब, अशोक यादब, पुनम यादब, भिम तमाङ, जसपा नेता केदार यादब, युवा नेता नबनित झा, युवा नेता शिवशंकर यादब, रामगमन साह, बिद्यार्थी नेता शम्भु प्रसाद यादबलगायतले मन्तब्य व्यक्त गरेका थिए ।

# दुर्घटनामा घाइते भएका पुजारीको उपचारको क्रममा मृत्यु

**दैनिक समाचारदाता राजविराज, २३ फागुन ।**

गत शुक्रबार मोटरसाइकलको ठक्करबाट गम्भिर घाइते भएका एक पुजारीको उपचारका क्रममा मृत्यु भएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको शम्भुनाथ सडक खण्डमा बाटो काट्ने क्रमका बा.४०प २२१५ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा गम्भिर घाइते भएका रौतहटको देवाही गोनाही नगरपालिका ९ निवासी ६५ वर्षिय ब्रहमदेव साहको उपचारको क्रममा आइतबार बिहान निधन भएको हो ।

साहलाई ठक्कर दिने मोटरसाइकल र चालक शम्भुनाथ नगरपालिका ६ निवासी ३० वर्षिय मो. रमजानी प्रहरी नियन्त्रणमा रहेको र आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

यसअघि घटना पश्चात् घाइते भएका पुजारीलाई प्रहरीले उद्धार गरि स्थानिय युनिक अस्पतालमा पुऱ्याएको थियो । तर स्वास्थ्य अवस्थामा सुधार नदेखिएपछि बिराटनगरस्थित बिराट नर्सिङ होममा भर्ना गराइएकोमा उपचारकै क्रममा उनको निधन भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

बाराको इटवालास्थित राममन्दिरका मूल पुजारी रहेका साह तिर्थयात्राको क्रममा बसचढी बराह क्षेत्रतर्फ जाँदै गरेका थिए । बाटोमा शौचका लागि उत्रेका बेला अचानक मोटरसाइकलले ठक्कर दिँदा उक्त दुर्घटनामा परेको डिएसपी साहले बताए ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**

**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*